**बैठक संख्या ५४** **मिति: २०७६/०२/२२**

आज मिति २०७६ साल ज्येष्ठ २२ गते बुधबारका दिन अर्जुनधारा नगरपालिकाका प्रमुख श्री हरिकुमार राना ज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिका (बोर्ड ) मा देहाय बमोजिम उपस्थिती रह्यो ।

| | | | | |
|---|---|---|---|---|
| १ | नगरप्रमुख | श्री हरिकुमार राना | अध्यक्ष | |
| २ | उपप्रमुख | श्री कमला खतिवडा आचार्य | सदस्य | |
| ३ | प्रमुख प्रशासकीय अधिकृत | श्री पंकज भूर्तेल | सचिव | |
| ४ | वडाध्यक्ष | श्री गजाधर खतिवडा | सदस्य | |
| ५ | वडाध्यक्ष | श्री रघुनाथ खनाल | सदस्य | |
| ६ | वडाध्यक्ष | श्री जीवकुमार भण्डारी | सदस्य | |
| ७ | वडाध्यक्ष | श्री दुर्गाप्रसाद दाहाल | सदस्य | |
| ८ | वडाध्यक्ष | श्री ध्यानबहादुर भारती | सदस्य | |
| ९ | वडाध्यक्ष | श्री लोकनाथ गौतम | सदस्य | |
| १० | वडाध्यक्ष | श्री नवराम ढुङ्गाना | सदस्य | |
| ११ | वडाध्यक्ष | श्री गोपीचन्द्र गौतम | सदस्य | |
| १२ | वडाध्यक्ष | श्री पुष्पकुमार प्रसाई | सदस्य | |
| १३ | वडाध्यक्ष | श्री बलदेवसिंह गोम्देन | सदस्य | |
| १४ | वडाध्यक्ष | श्री भैरवबहादुर खड्का | सदस्य | |
| १५ | सदस्य | श्री लक्ष्मी तामाङ्ग | सदस्य | |
| १६ | सदस्य | श्री हरिमाया भण्डारी | सदस्य | |
| १७ | सदस्य | श्री शारदाकुमारी भट्टराई | सदस्य | |
| १८ | सदस्य | श्री शकुन्तला बराल | सदस्य | |
| १९ | सदस्य | श्री दिलमाया शिवा | सदस्य | |
| २० | सदस्य | श्री दिलिप गुरुङ्ग | सदस्य | |
| २१ | सदस्य | श्री खिनमान दास | सदस्य | |
| २२ | सदस्य | श्री रमेशकुमार दर्जी | सदस्य | |
| १ | अधिकृत | श्री विजयकुमार शर्मा | आमन्त्रित | |
| २ | सहायक | श्री सौजन कटुवाल | आमन्त्रित | |
| | | | | |

बैठक संख्या ५३ मिति २०७६/०२/२२

मिति २०७६ साल ज्येष्ठ २२ गते बसेको नगर कार्यपालिका(बोर्ड)बैठकका निर्णयहरु

१.आगामी आर्थिक वर्षको दायित्वमा रहने गरी देहाय बमोजिम योजनाहरु सञ्चालन गर्ने ।

| वडा नं | योजनाको नाम | रकम (रु) |
|---|---|---|
| ७ | शनिश्चरे बहुमुखी क्याम्पसको भवन संरक्षणका लागि तटबन्धन तथा प्लम्ब निर्माण | १० लाख मात्र । |
| १ | लट्टे खर्कमा तारजाली तथा ढुगा भर्ने | २ लाख मात्र |
| ९ | मिलन चौक पूर्व कालिस्थान जाने सडक मर्मत | ५ लाख मात्र |
| १० | पिताम्बर पैनी मर्मत | ५० हजार मात्र । |
| ३ | सशस्त्र प्रहरी बल भवन मर्मत सम्भार | ८ लाख मात्र |
| १ | शङ्कराचार्य मार्ग मर्मत | ५ लाख मात्र |

२.आसन्न वर्षातको समयलाई मध्यनजर गर्दै वर्षातको समयमा हुन सक्ने सम्भावित विपद् व्यवस्थापन तथा पूर्व तयारीका लागि रु ५ लाख बराबरको तारजाली खरिद गर्ने ।साथै उक्त तारजाली सम्बन्धित उपभोक्ता बाट ढुंगा भर्ने गरी वितरण तथा नियमन नियन्त्रण श्रीमान नगर प्रमुखज्यूबाट गर्ने ।

३.नदिजन्य सामाग्री उत्खननका सम्बन्धमा यस नगरपालिकालाई विपक्षी बनाई श्री उच्च अदालत विराटनगरको इलाम इजालसमा दायर भएको मुद्दाका सम्बन्धमा यस नगरपालिकाको तर्फबाट आवश्यक कार्बाही गर्न प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवारी दिने ।साथै यस नगरपालिका तथा नगर कार्यपालिकाको कार्यालयलाई विपक्षी बनाई दायर हुने सबै प्रकारको मुद्दाहरुको सम्बन्धमा आवश्यक कारबाही गर्न प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिने ।

४. शनिश्चरे बजार स्थानान्तरणका लागि विभिन्न स्थानहरुमा उपयुक्त जग्गा छनौटका लागि जग्गा प्राप्ति ऐन अनुसार प्रक्रिया अघि बढाइएकामा सोका लागि अर्जुनधारा उद्योग वाणिज्य संघ र ८ नं वडा कार्यालयबाट हाल अस्थायी रुपमा बजार लाग्दै आएको जग्गा नै उपयुक्त हुने भन्ने राय आएकाले सोही बमोजिम बजार स्थानान्तरणका लागि अर्जुनधारा नगरपालिका वडा नं ८ (साविक शनिश्चरे गा.वि.स.वडा नं १ ख) को कि.नं. ६३० र कि.नं.७६ को बाट जम्मा ज.वि.१-०५-० जग्गा नियमानुसार प्राप्त गर्ने ।

५.झापा जिल्ला खेलकुद विकास समितिको पत्रानुसार राष्ट्रपति रनिङ्ग सिल्ड प्रतियोगितमा यस नगरपालिकाको तर्फबाट सहभागिताका लागि आवश्यक प्रबन्ध गर्न शिक्षा शाखासँग समन्वय गर्ने गरी सामाजिक विकास समिति संयोजक श्री दिलिप गुरुङ्गलाई जिम्मेवारी दिने ।

६.राजश्व परामर्श समितिको सिफारिस बमोजिम यस नगरपालिकाको आन्तिरक आय संकलनका लागि ठेक्का लगाउँदै आएको शनिश्चरे बजार (केराबजार,खसीबजार,गोसखान,सासाहिक हाट बजार) र खुदुनबारी बजार (पशु बजार,सासाहिक हाट बजार ) ठेक्का चालु आर्थिक वर्षमा सम्झौता भएको रकममा २० प्रतिशत थप गरी ठेक्का आह्वन गर्न १५ दिने सूचना प्रकाशन गर्ने ।

७.अर्जुनधारा नगरपालिकाले चालु आर्थिक वर्षमा सम्पादन गरेका कामकारबाहीका सम्बन्धमा नगरस्तरीय सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गर्ने ।

२०७६/०२/२२

हरी कुमार राना मगर
नगर प्रमुख